प्रदेश सरकार

भौतिक पूर्वाधार विकसा मन्त्रालय

# कन्काई सिंचाइ व्यवस्थापन कार्यालय

प्रदेश नं. १, गैंडे, झापा

आ ब २०७७।०७८

# बार्षिक प्रगति प्रतिवेदन




कन्काई सिंचाइ व्यवस्थापन कार्यालय

गैंडे, झापा

फोन नं. ०२३-४१००७०

ईमेल : kis.gov2072@gmail.com

वेव : www.kis.gov.np

## १. पृष्ठभुमी

कृषि उत्पादनमा वृद्धि ल्याई आर्थिक विकास अभिवृद्धि गर्नुका साथै खाद्यान्नको आपूर्तिमा सुरक्षा प्रदान गर्नका लागि सिंचाइ सुविधाको विकास र विस्तार अत्यन्त आवश्यक छ । देशमा सिंचाइ सेवाको विकास र विस्तारको लागि परापूर्व कालदेखि कृषकहरु आफैंले लगानी गर्दै आईरहेकाछन् । विशेष गरी योजनाबद्ध विकासको थालनी पश्चात् नेपाल सरकारले सिंचाइमा लगानी गर्दै आएको छ । सिंचाइ क्षेत्रको विकास र विस्तारमा नेपाल सरकारको प्रमुख निकायको रुपमा जलश्रोत तथा सिंचाइ विभाग रही आएको छ भने प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वधार बिकास मन्त्रालय र सो मातहतका कार्यालय रहेका छन् । देशको बदलिदो परिस्थिति र संघियता कार्यन्वयनको क्रमसँगै नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/०६/०५ गतेको निर्णयानुसार भौतिक पूर्वधार बिकास मन्त्रालय, प्रदेश १ अन्तर्गत कन्काई सिचाई ब्यबस्थापन कार्यालयको कर्मचारी दरवन्धी सहित व्यबस्था भएको छ। झापा जिल्लाको शिवशताक्षी १० न.पा.मा ६-२-० क्षेत्रफमा रहेको कार्यालयको कार्यक्षेत्र झापा जिल्लाको कन्काई सिचाइ प्रणाली रहेको छ । सम्बन्धित कार्य क्षेत्रको सिचाईयोग्य क्षेत्रभित्र जलश्रोतको उपयोगबाट सिचाई सेवालाई बिस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न भरपर्दो, पहुँचयोग्य र सहभागीतामुलक सिचाई सेवा उपलब्ध गराउने उदेश्यले प्रदेश सरकार अन्तर्गत यस सिचाई ब्यबस्थापन कार्यालयको व्यवस्था गरिएको छ । सम्बन्धित कार्य क्षेत्रमा कृषि उत्पादन वृद्धि गर्न , सिंचाइ क्षेत्रको विस्तार गर्न, सिंचाइ, भूमिगत सिंचाइ, सिंचाइ व्यवस्थापन तथा सिंचित क्षेत्रको बचावट जस्ता कार्यक्रममा सन्तुलन र समन्वय कायम राख्न, सिंचाइ सम्बन्धी नीति नियमहरुको कार्यान्वयन गर्न, आयोजना एवं व्यवस्थापन प्रणालीको मर्मत संभार गर्न, वातावरणीय सन्तुलन कायम राख्न, प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न यस कार्यालयको भूमिका रहने छ ।

## २. उद्देश्य

सम्बन्धित कार्य क्षेत्रमा

- विद्यमान जलस्रोतको विकास गरी सिंचाइ योग्य जमिनमा वर्षैभरी सिंचाइ सेवा विस्तार गर्ने ।
- कृषक सहभागितामूलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गर्ने र सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- सिंचाइ क्षेत्रको विकाससँग सम्बन्धित प्राविधिक जनशक्ति, उपभोक्ता र सरकारी संघ-संस्थाको ज्ञान, सीप र संस्थागत कार्य दक्षतामा अभिवृद्धि गर्ने गराउने ।
- कृषि उत्पादन वृद्धिका लागि जल उपभोक्ता संस्थालाई सामुहिक खेती र कृषि यान्त्रिकिकरण तर्फ अभिप्रेरित गर्दै सहकारी संस्थामा रुपान्तरण गर्ने ।

## ३. कार्यहरु

१. सम्बन्धित कार्य क्षेत्रमा भएका नहर बाँध तथा अन्य संरचनाहरुको रेखदेख तथा हेरविचार गर्ने ।

२. कृषक उपभोक्ताहरुको माग बमोजिम पानी उपलब्ध गराउन सिंचाई प्रणालीको संचालन तालिका (Operational Schedule) अध्यावधिक राख्ने र सो संचालन तालिका अनुसार नहर संचालन गर्ने गराउने ।

३. सिंचाई प्रणाली संचालनको शिलशिलामा मूल नहर, शाखा नहर तथा प्रशाखा नहरहरुमा पानीको बहावको (Time Series)लगत राख्ने र आवश्यकता अनुसार मन्त्रालय तथा अन्य निकायमा उपलब्ध गराउने ।

४. सिंचाई प्रणाली संचालनमा सम्बन्धित जल उपभोक्ता संस्थाहरुको सहभागिता क्रमिक रुपमा बढाउदै लैजाने र सिंचाई नीति अनुसार ब्यवस्थापन पक्ष क्रमिक रुपमा सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्दै जाने ।

५. कार्यालय अर्न्तगत रहेका जल उपभोक्ता संस्थाहरुको लगत अद्यावधिक गरी उनीहरुको संस्थागत विकास गर्न सहयोग गर्ने ।

६. सिंचाई नीति अनुसार सिंचाई सेवा शुल्क लगत अध्यावधिक राख्ने र जल उपभोक्ता संस्थालाई सिंचाई सेवा शुल्क उठाउन सहयोग गर्ने ।

७. कार्यालय अन्तर्गतका सिंचाई प्रणालीहरुमा On-Farm Water Management को कार्यक्रमहरु संचालन गर्ने ।

८. जिल्ला स्तरिय कृषि ज्ञान केन्द्र, कृषि विकास बैंक तथा कृषि सम्बन्धी अन्य कार्यालयहरु सँग समन्वय राखी कृषि उत्पादनमा बृद्धि गराउन मद्दत पुर्‍याउने ।

९. कार्यालय अर्न्तगत मेशिन औजार तथा अन्य भारी उपकरणहरुको मर्मत सम्भार सम्बन्धित यान्त्रिक कार्यालयसँग समन्वय गर्ने , गराउने ।

१०. कार्यालय अन्तर्गतका नहर प्रणालीहरुको नियमित मर्मत गर्नु पर्ने संरचनाहरुको लगत अध्यावधिक राख्ने र प्राथमिकताको आधारमा मर्मत संभार गर्दै जाने । यसरी प्राथमिकता तोक्दा सम्बन्धित उपभोक्ताहरुसँग सरसल्लाह र समन्वय गर्ने गराउने ।

११. आपतकालिन मर्मत संभार गर्नु पर्ने अवस्था भएमा सम्बन्धित मन्त्रालय तथा जल उपभोक्ता संस्थाहरुसँग समन्वय गरी गर्ने ।

१२. कार्यालय अर्न्तगत सम्पूर्ण सिंचाई प्रणालीहरुको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने र निर्धारित ढाँचामा समयमै कार्यक्रम प्रगती तथा अन्य विवरण सम्बन्धित निकायमा पठाउने ।

१३. आर्थिक प्रशासनिक तथा सार्वजनिक निर्माण निर्देशिका अनिवार्य रुपमा लागू गर्ने गराउने ।

१४. सिंचाई र यसको उपयोग सम्बन्धी अध्ययन, अनुसन्धान  तथा सर्वेक्षण गर्ने ।

१५. सम्बन्धित कार्यक्षेत्रमा सिंचाई विकासमा निजी क्षेत्रको प्रवर्द्धन गर्ने ।

१६. संयुक्त ब्यवस्थापनमा रहेका ठूला सिंचाई प्रणालीहरुको दिगो ब्यवस्थापनका निम्ति मर्मत संभार र पून:निर्माण गर्ने योजना तर्जुमा तथा बजेट ब्यवस्थापन गर्ने ।


१७. संयुक्त ब्यवस्थापनमा रहेका ठूला सिंचाई प्रणालीहरुलाई उपभोक्ता कृषकहरुमा पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गर्न हस्तान्तरण कार्यक्रम संचालन गर्ने ।

१८. सिंचाई प्रणालीमा बाह्रै महिना सिंचाई सेवा सुनिश्चित गराउन तथा जल उपभोक्ता क्षमता अभिबृद्धि कार्यक्रमको ब्यवस्थापन गर्ने ।

१९. सम्बन्धित कार्यक्षेत्रमा रहेका जलउपभोक्ता सदस्यहरुको सामुहिक खेती र कृषि यान्त्रिकिकरण सम्बन्धि बिबरण, तथ्याङ्क र अभिलेखहरु संकलन गरी व्यवस्थित रुपमा राख्ने र  प्रतिफलको अनुगमन तथा मूल्याङ्कन गर्न प्रभाव अध्ययन गराउने ।

## ४. संगठनात्मक व्यवस्था

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/०६/०५ गतेको निर्णयानुसार भौतिक पूर्वाधार बिकास मन्त्रालय, प्रदेश १ अन्तर्गत रहने सिचाई व्यबस्थापन कार्यालयहरु र सो कार्यालयमा रहने कर्मचारीको दरवन्दी व्यबस्था गरेको छ । सिचाई व्यबस्थापन कार्यालयहरु मध्ये कन्काई सिंचाई व्यबस्थापन कार्यालय एक हो जसमा अन्य सिचाई व्यबस्थापन कार्यालयमा जस्तै कार्यलयको प्रमुखको रुपमा कार्यालय प्रमुखको व्यवस्था गरिएको छ । यस सिचाई व्यबस्थापन कार्यालयमा कार्यालय प्रमुखको मातहतमा रहने शाखाहरु र त्यसमा रहने कर्मचारी दरवन्धि निम्न अनुसार रहेका छन् :-




## ५. जनशक्ति बिवरण

| पद | सेवा /समूह | श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | पदपूर्ती भएको स्थायी दरबन्दी | कूल रिक्त स्थायी दरबन्दी | पदपुर्ति % |
|---|---|---|---|---|---|---|
| सि.डि.ई. | नेपाल ईन्जी।एगृ ईरीगेशन | अधिकृत स्तर नवौं | १ | १ | ० | १०० |
| ईन्जिनियर | नेपाल ईन्जी।सिभिल | अधिकृत स्तर आठौं | १ | १ | ० | १०० |
| ईन्जिनियर | नेपाल ईन्जी।एगृ ईरीगेशन | अधिकृत स्तर सातौं | २ | २ | ० | १०० |
| अधिकृत | नेपाल प्रशासन।लेखा | अधिकृत स्तर छैठौं | १ | १ | ० | १०० |
| अधिकृत | नेपाल प्रशासन।स.प्र। | अधिकृत स्तर छैठौं | १ | १ | ० | १०० |
| सव-ईन्जिनियर | नेपाल ईन्जी।सिभिल | साहायक स्तर पाचौं | २ | २ | ० | १०० |
| सि.ए.ओ. | नेपाल ईन्जी।एगृ ईरीगेशन | साहायक स्तर पाचौं | १ | १ | ० | १०० |
| कमप्यूटर अपरेटर | विवध | साहायक स्तर पाचौं | १ | ० | १ | ० |
| का. स. | ( | श्रेणी विहिन | २ | १ | १ | ५० |
| ह.स.चा. | ( | श्रेणी विहिन | १ | ० | १ | ० |
| **जम्मा** | | | **१३** | **१०** | **३** | |

## ६. कार्यरत कर्मचारीहरुको बिवरण

| क्र.सं | कर्मचारी संकेत.नं. | कर्मचारीको नामथर | पद | मोबाईल नं | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १९७८२७ | प्रदिप बान्तवा | कार्यालय प्रमुख | ९८५१११४४४३ | bantawa.pradip@ gmail.com | स्थायी |
| २ | ११८९११ | रामदेव मंडल | ईन्जिनियर | ९८४९८०६९०३ | ramdeomandaljnp@gmail.com | स्थायी |
| ३ | २२५२१४ | रमन पराजुली | ईन्जिनियर | ९८४२५७११९४ | ramanparajuli1993@gmail.com | स्थायी |
| ४ | २३१५९२ | मुकेश कुमार गामी | ईन्जिनियर | ९८४५४३०३१८ | gamimk@gmail.com | स्थायी |
| ५ | १४८९५९ | मिनराज पोखरेल | अधिकृत | ९८५२६८१९४३ | minrajpokhrel11@gmail.com | स्थायी |
| ६ | १९३७९७ | अबिकेशर सिग्देल | अधिकृत | ९८५२६७५७४६ | | स्थायी |
| ७ | २२६६४५ | खगेन्द्र तुम्बहाम्फे | सव–ईन्जिनियर | ९८०६०३६३४४ | Ksuba2044@gmail.com | स्थायी |
| ८ | | | सव–ईन्जिनियर | | | |
| ९ | १५८०४८ | मो. नसिउल्लाह | सि.ए.ओ. | ९८४७०६२१९० | md.nasim21@gmail.com | स्थायी |
| १० | | संजय बान्तवा | कमप्यूटर अपरेटर | ९८०४९२९४९३ | | करार |
| ११ | १५९२०३ | इन्दिरा कटुवाल | का.स. | ९८२५९७९६१९ | | स्थायी |
| १२ | | मदन खड्का | का.स. | ९८१४९६०५८९ | | करार |
| १३ | | टुराई चौधरी | ह.स.चा. | ९८०४९२९४९३ | | करार |

## ७. कन्काई सिंचाइ प्रणालीको परिचय

सन् १९७० देखि १९९१ सम्म दुई चरणमा गरि ८००० हेक्टर को लागि ABD को ऋण सहयोगमा निर्माण सम्पन्न भएको थियो । पहिलो चरण १९७१ शुरुवात भई ५००० हे. क्षेत्रफलमा सिंचाइ सेवा पुर्‍याउने संरचनाहरु निर्माण भई सन् १९८१ म सम्पन्न भएको थियो । दोस्रो चरणको शुरुवात १९८० मा भई लक्षित ३००० हे. क्षेत्रफल मध्ये जम्मा २००० हे. क्षेत्रफल जग्गामा सिंचाइ सुविधा पुर्‍याउने संरचनाहरुको निर्माण भई सन् १९९१ म सम्पन्न भएको थियो । बाँकि १००० क्षेत्रफमा पछि केहि संरचानाहरु, शाखा नं. १७ देखि शाखा नं. २१ सम्म निर्माण भएको छ । पछि विकास भएको शाखाहरुमा प्रशाखा नहरहरुको संचाल पूर्ण रुपमा विकास भएको छैन । प्रशाखा तथा शाखा नहरहरु ५ हे. देखि ७०० हे. सम्म क्षेत्रफल जग्गामा सिंचाइ गर्न सक्ने फरक फरक क्षमताको छ । मुल नहरबाट निस्केको उपशाखा नहरहरु फरक फरक क्षताको ५४ वटा छ । साना तथा मझौला सिंचाइ आयोजना जस्तै नारायणी तथा महाकालीमा जस्तो एकै नासको डिजाईनको प्रशाखाहरु उपयोग भएको छैन । यस अवस्थामा पानी चक्र तथा समतामुलक वितरनको लागी पानी व्यवस्थापन गाह्रो हुने गरेको छ । हालको अवस्थामा कार्यालयको फिल्ड कर्मचारी तथा जल उपभोक्ता संस्थाको प्रतिनिधिको आपसी समझदारी बाट आभावको अवस्थामा पानी चक्र तथा समतामुलक वितरण गर्ने गरेको छ । हिउदे बालीका लागी सिंचाइ पानी वितरन एक बर्षमा एक तिर मात्र पहिलो चरणको संरचना तथा दोस्रो चरणमा विस्तारित संरचना तिर गरी पालै पालो गर्ने गरेको छ । तथा बर्खे मौसममा यी संरचनाहरु, रिच तथा शाखा नहरुहरुमा पानी दिनको पालो प्रक्रिया द्वारा गर्ने गरिन्छ तर किसनहरुको भनाई अनुसार यसरी उपलब्ध गराईएको पानी Water Requirement अनुसार बालीको लागी प्रयाप्त नभएको बताउछन् ।

## ८. कन्काई सिंचाइ प्रणालीको पूर्वाधार संरचना तथा संजाल

नहर संजाल कुल ५ वटा रिचमा विभाजन गरिएको छ । दोस्रो चरणमा विस्तार गरिएको मुल नहर रिच ५ विभाजन गरीएको छ र बाकी पहिलो चरणमा निर्माण गरिएको मुलनहरलाई रिच १ देखि ४ सम्म विभाजन गरिएको छ । पहिलो चरणमा निर्माण गरिएको मुल नहरको जम्मा लम्बाई २२.४ कि.मि र दोस्रो चरणमा निर्माण गरिएको मुल नहरको लम्बाई १३.६ कि.मि. गरी जम्मा ३६ कि.मि. मुल नहर रहेको छ ।





***Table-1: Canal Networks of the System***

| Main Canal Reach | Chainage in Km from H/W site (H/R of settling basin as O+000) | Secondary Offtakes | Direct Tertiary Outlet Offtakes from MIC (Nos.) | Remarks |
|---|---|---|---|---|
| **Reach -1**, MIC R-I (11.5 Km) | 0+000 to 11+500 | S-0, S-2, and S-3 | To-1 to To-6; (6 nos.) | |
| **Reach -2,** MIC R-II (2.6 Km) | 11+500 to 14+100 | S-4, S-5 | To-7 to To-12; (6 nos.) | |
| **Reach -3**, MIC R-III (2.8 Km) | 14+100 to 16+900 | S-6, S-7, S-8 | TA-1 to TA-6; (6 nos.) | |
| **Reach -4,** MIC R-IV (5.5 Km) | 14+100 to 19+600 | S-9, S-10, S-11, S-12, | TB-0 to TB-12; (13 nos.) | |
| **Reach -5**, MIC R-V (11.4 Km) | 9+886 to 21+286 | S-13,S-14, S-15, S-16, | $T_E$-1 to $T_E$ -23; (23 nos.) | |
| ***Extension part*** (2.2 Km) | 21+286 to 23+486 Tail | S-17, S-18, S-19, S-20, S-21, | $T_E$ -24 to $T_E$ -26; (3nos.) | |

मथि उल्लेखित तालिकामा Off tak नहर देखिको मुल नहर र शाखा नहरहरुको संख्या देखाईएको छ । मुल नहरमा दुई ठाउमा बाईफरकेशन संरचना रहेको छ, एउटा रिच ५ को लागी ९.८८६ कि.मि. मा अर्को रिच ४ को लागी १४.१ कि.मि.मा । विस्तृत शाखा बाट निस्केको प्रशाखानहरहरु विवरण तलको चित्रमा देखाईएको छ ।

## ८.१. मुल नहर

नहर संजालमा देखाईए अनुसार मुल नहर विस्तारीत समेत पुछार सम्म जम्मा ३६ कि.मि.को रहेको छ । सुरुवातमा S-17, S-18 र TE-24 हेड रेगुलेटर सम्म ३३.८ कि.मि. मानिएकोमा पछि १००० हे. क्षेत्रफल विस्तारि नहर समेत गरी ३६ कि.मि. रहेको छ ।   मुल नहरमा जम्मा ९७ वटा संरचनाहरु रहेको छ ।

### ८.१.१ मुल नहरको वर्गिकरण :

***Table-2: Main Canal Classification***

| Name | Type | Length (m) | Slope | Discharge (cumecs) |
|---|---|---|---|---|
| Head Reach | Concrete lining | 1570 | | |
| Reach – 1 | Concrete lining | 11500 | 1:100 | 10.15 |
| Reach – 2 | Unlined | 2600 | 1:1850 | 4.55 |
| Extension | Unlined | 13600 | | 7.225 |
| Reach – 3 | Unlined | 2767 | 1:1540 | 1.95 |
| Reach – 4 | Unlined | 5533 | 1:1540 | 1.95 |

### ८.१.२. मुल नहर संरचना र त्यसको अवस्था :

***Table-3: Main Canal and Its structure status***

| Reach | Structures | No. | Physical Conditions and ratings | Remarks |
|---|---|---|---|---|
| ***Head Reach*** | H/W | 1 | Generally good with minor repairs and maintenance requirement. | Under sluice part of Head Regulator Diversion Structure get damanged so required repair and maintenance work. |
| | Settling Basin | 1 | | |
| | Canal Siphon | 3 | | |
| | ***Sub Total*** | ***5*** | | |
| | | | | |
| ***Reach - 1*** | H/R | 5 | Generally in good condition. | Siphon Structures needs down stream protection. |
| | C/R | 5 | | |
| | Canal Siphon | 10 | | |
| | VRB | 1 | | |
| | Foot bridge | 2 | | |
| | Outlets | 4 | | |
| | Drops | 5 | | |
| | Escape | 2 | | |
| | Highway Crossing | 1 | | |
| | ***Sub Total*** | ***35*** | | |

| | | | | |
|---|---|---|---|---|
| ***Reach -2*** | H/R | 3 | Generally good with minor repair and maintenance required especially in gates. | 2 Drop cum cross regulator structures out of 6 nos. |
| | C/R | 1 | | |
| | Canal Siphon | - | | |
| | VRB | 1 | | |
| | Foot bridge | - | | |

| Reach | Structures | No. | Physical Conditions and ratings | Remarks |
|---|---|---|---|---|
| | Outlets | 4 | | |
| | Drops | 6 | | |
| | Escape | - | | |
| | Bifurcation | 1 | | |
| | ***Sub Total*** | ***16*** | | |

| | | | | |
|---|---|---|---|---|
| ***Reach -3*** | H/R | 3 | Generally good with minor repair and maintenance required especially in gates. | 1 Drop cum cross regulator structures out of 4 nos. |
| | C/R | - | | |
| | Canal Siphon | - | | |
| | VRB | - | | |
| | Foot bridge | - | | |
| | Outlets | 4 | | |
| | Drops | 4 | | |
| | Escape | - | | |
| | Bifurcation | - | | |
| | ***Sub Total*** | ***11*** | | |

| | | | | |
|---|---|---|---|---|
| ***Reach-4*** | H/R | 4 | Generally good. | 1 Drop cum cross regulator structures out of 7 nos. |
| | C/R | 1 | | |
| | Canal Siphon | 1 | | |
| | VRB | - | | |
| | Foot bridge | - | | |
| | Outlets | 8 | | |
| | Drops | 7 | | |
| | Escape | - | | |
| | Bifurcation | - | | |
| | ***Sub Total*** | ***21*** | | |
| | | | | |
| ***Reach- 5*** | H/R | 9 | Generally Good. | Siphon structures require downstream protection works.<br><br>TE -1 to TE -24.<br>1 Drop cum cross regulator |
| | C/R | 8 | | |
| | Canal Siphon | 6 | | |
| | VRB | 3 | | |
| | Foot bridge | - | | |
| | Outlets | 24 | | |
| | Drops | 1 | | |
| | Escape | 1 | | |
| | Aqueduct | 1 | | |
| | ***Sub-Total*** | ***53*** | | |
| | | | | |
| | **Total Structures** | **141** | | |

### ८.२ शाखा तथा प्राशाखा नहर संजाल

कुल २२ वटा प्रशाखा नहरहरु निर्माण भएकोमा १७ वटा शाखा नहरहरुमा पानी वितरणको लागी प्रशाखा नहरहरुको संरचानहरु पुर्ण रुपमा विकास भएको छ । शाखा नं. १७ देखि शाखा नं. २१ सम्मको नहर क्षेत्रको पूर्णरुपमा कमान्ड क्षेत्र विकास हुन बाँकी नै रहेको छ । कुल ८६.६९ कि.मि.लम्बाईको शाखा नहर, ५४ वटा उपशाखा तथा १९९ वटा १३० कि.मि. को प्रशाखा नहरहरुको संजाल रहेको छ । पानी वितरण नहरहरुको घनत्व २८मि/हे. रहेको छ । मुल, शाखा, उपशाखा तथा प्रशाखा नहरहरुमा कुल ६४८ वटा संरचनाहरु निर्माण भएको छ ।

### ८.२.१ शाखा नहरको विस्तृत विवरण :

| S.No. | Name of Canal | Chainage (Km) | Reach | Capacity (Cumecs) | Length (Km) | CCA (ha) | No. of Tertiary Canal |
|---|---|---|---|---|---|---|---|
| 1 | $S_0$ | 0+743 | 1 | 0.345 | 4.65 | 300 | 12 |
| 2 | $S_1$ | 5+390 | 1 | 0.851 | 5.8 | 746 | 12 |
| 3 | $S_2$ | 7+590 | 1 | 0.359 | 3.9 | 227 | 12 |
| 4 | $S_3$ | 10+782 | 1 | 0.425 | 3.4 | 372 | 13 |
| 5 | $S_4$ | 11+500 | 2 | 0.477 | 4.65 | 418 | 12 |
| 6 | $S_5$ | 13+600 | 2 | 0.91 | 6.6 | 798 | 17 |
| 7 | $S_6$ | 1+400 | 3 | 0.154 | 2.15 | 135 | 5 |
| 8 | $S_7$ | 2+764 | 3 | 0.262 | 1.7 | 230 | 6 |
| 9 | $S_8$ | 2+767 | 3 | 0.704 | 8.7 | 676 | 15 |
| 10 | $S_9$ | 2+523 | 4 | 0.144 | 1.5 | 127 | 6 |
| 11 | $S_{10}$ | 4+000 | 4 | 0.295 | 3.23 | 259 | 11 |
| 12 | $S_{11}$ | 5+533 | 4 | 0.165 | 2.8 | 144 | 15 |
| 13 | $S_{12}$ | 5+533 | 4 | 0.441 | 5.91 | 385 | 8 |
| 14 | $S_{13}$ | 2+840 | 5 | 0.31 | 3.25 | 214 | 8 |
| 15 | $S_{14}$ | 5+700 | 5 | 0.603 | 6.72 | 416 | 27 |
| 16 | $S_{14A}$ |  | 5 | 0.315 | 2 | 217 |  |
| 17 | $S_{15}$ | 7+400 | 5 | 0.666 | 4.2 | 459 | 17 |
| 18 | $S_{16}$ | 9+250 | 5 | 0.474 | 4.86 | 330 | 16 |
| 19 | $S_{17}$ | 11+400 | 5 | 0.422 | 6.2 | 343 | 26 |
| 20 | $S_{18}$ | 11+400 | 5 | 0.138 | 1.58 | 112 | 10 |
| 21 | $S_{19}$ | 13+600 | 5 | 0.194 | 4.9 | 158 | 17 |
| 22 | $S_{20}$ | 13+600 | 5 | 0.220 | 5 | 179 | 12 |
| 23 | $S_{21}$ | 13+600 | 5 | 0.200 | 1.45 | 163 | 16 |

## ९. कन्काई सिंचाइ प्रणालीको संक्षीप्त जानकारी :

| | | |
|---|---|---|
| **Name of the System** | : | ***Kankai Irrigation System*** |
| **Location** | : | *Gainde, Jhapa* |
| | : | *$26^0$ to $27^0$ N* |
| | : | |
| | | *$87^0$ to $88^0$ E* |
| **Boundary of the System** | : | |
| East | : | *Kankai River* |

| | | |
|---|---|---|
| West | : | *Kishna River* |
| North | : | *Ilam District* |
| | : | |
| South | | *India* |
| **Elevation** | : | *75 to 120m above MSL* |
| **Source River** | : | *Kankai* |
| **Discharge of the river** | : | |
| Maximum discharge | : | *5200 cumecs* |
| Minimum discharge | : | *7.74 cumecs* |
| | : | |
| **Catchment area** | | *1190 sq. km* |
| **Type of diversion** | : | *Diversion Weir with under sluice (RCC), Length –126m; Scoring Sluice 16.5m with 3 sets of manually operated gates (3.5m *1.85m)* |
| **Command area** | : | |
| a . Total command area | : | 8000 ha |
| b . Actual command area | : | 7000 ha |
| | : | (Winter 4000 ha, Spring 2500 ha, Monsoon 7000 ha) |
| **Municipality of the command area** | : | Shivsatakshi |
| | : | *Gauradah* |
| **Rural Municipal** | : | *Kamal* |
| | : | *Gaurigunj* |
| **Beneficiary family** | : | 17,131 |
| **Beneficiary population** | : | 112,893 |
| | : | |
| **Average land holding** | | 1.39 ha (1.11 ha cultivable) |
| **Canal Networks** | : | |
| Main Canal | : | 36 km |
| Secondary canal | : | 74 km (22 numbers) |
| | : | |
| Tertiary Canal | | 130 km (354 numbers) |

**Physical facility of the project**

| Details | Ist Phase | II nd phase | Total |
|---|---|---|---|
| • Diversion Work | 142 m (Weir) | | |
| • Main Canal | 24.5 km | 11.5 km | 36 km |
| • Secondary Canal | 57 km | 17 km | 74 km |
| • Tertiary Canal | 70 km | 40 km | 110 km |
| • Structures | 442 no | 242 no | 684 no |
| • Command area | 5000 ha | 2000 ha | 7000 ha |
| • Secondary Canals | 13 no | 9 no | 22 no |
| • Sub-secondary Canals | 31 no | 23 no | 54 no |
| • Tertiary Canals (from secondary) | 123 no | 76 no | 199 no |
| • Building/Garage/Store | 50 no | | 50 no |
| • Drain | 30 km | | 30 km |
| • Trunk Road | 20 km | 4 km | 24 km |
| • Agriculture farm | 40 ha | | 40 ha |

**Main Canal Capacity**

| Canal | Length | Capaciy | Remarks |
|---|---|---|---|
| • Reach – I | 11.5 km | 10.15 cumecs | Concrete lining up to S4 |
| • Reach – II | 2.6 km | 4.55 cumecs | |
| • Reach – III | 2.8 km | 1.95 cumecs | |
| • Reach – IV | 5.5 km | 1.95 cumecs | |
| • Reach – V | 11.6 km | 7.225 cumecs | |

**Date of start of water delivery**

| | | |
|---|---|---|
| First phase in 700 ha | : | since July 1977 |
| Second phase in 2000 ha | : | since July 1978 |
| Third phase in 2300 ha | : | since July 1979 |
| Fourth phase in 2000 ha | : | since July 1992 |

| | | |
|---|---|---|
| **Registration of WUA** | : | 1st December 1993 |
| **Joint Management** | : | Since 1993/94 |
| **ISF Collection Rate** | : | NRs. 300 per crop per ha |
| **WUA** | : | Main Committee : 1 of 15 members |
| | : | Secondary level Committee : 22 numbers |
| | : | Sub-secondary & tertiary level committee : 181 numbers |

## १०. जल उपभोक्ता संस्था संरचना

जलस्रोत ऐन १९९३ अनुसार मूल समितिको गठन कार्य सम्पन्न गरी २०५०।८।१६ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी संस्थाको स्थापना भएको थियो । कन्काई नहर जल उपभोक्ता संस्था चार तहको रहेको छ ।

१. प्रशाखा स्तरको जल उपभ्कोक्ता समिति

२. शाखा स्तरको जल उपभ्कोक्ता समिति

३. मुल समिति

४. साधारण सभा

## १०.१ जल उपभोक्ता समिति

यस संस्थाको ४ वटा संगठनका तहहरु रहेका छन् । साधारणसभा (२२५ सदस्य), मूल समिति (१ वटा), शाखा समिति (२२ वटा) र प्रशाखा/उपशाखा समिति (१८१ वटा) आ-आफ्नो क्षेत्रमा कार्यरत रहेका छन् । यस संस्थामा हाल ५७७७ कृषक उपभोक्ताहरु यस संस्थाको जल उपभोक्ता सदस्यको रुपमा रहेका छन् । हाल सम्म ६ पटक यस संस्थाका पदाधिकारीहरुको निर्वाचन सम्पन्न भई संगठनमा प्रजातान्त्रीक अभ्यासहरुको प्रचलन दिगो रुपमा हुदै आएको छ । यसको मूल समिति १५ सदस्य, शाखा

समिति ९ सदस्य र प्रशाखा समिति ७ सदस्यको रहेको हुँदा, करिव २०८९ उपभोक्ताहरु मूल,शाखा, प्रशाखा/उपशाखा समितिमा रही कार्य गरी रहेका छन् जसमा कूल ७३८ महिला, १३५१ पुरुष रहेका छन् । सवै समितिहरुमा आदीवासी जनजाती तर्फ ५५७, मधेषी समुदायवाट ४९ र ७२ दलित तथा पिछडावर्ग र अन्य समुदायका १४११ उपभोक्ताहरु रहेका छन् । यस संस्थाको साधारण सभा सदस्य संख्या २२५ जना रहेको छ ।

## १०.२ साधारन सभा

यस प्रणाली भित्र पर्ने प्रत्येक नहरहरुका उपशाखारू/प्रशाखा र शाखावाट छानिएका प्रतिनिधीहरुको एक साधारण सभा संस्थाको सर्वोच्च अंग छ । पानि व्यवस्थापन सहित प्रणालीको संचालन र मर्मत संम्बन्धि नियम कानुन बनाउने र संसोधन गर्ने पूर्ण अधिकार साभारण सभामा हुन्छ । यस संस्थाको साधारणसभामा प्रत्येक उपशाखारू/प्रशाखाहरुवाट छानिएका साधारणसभा सदस्य १८१ जना र प्रत्येक शाखावाट छानिएका ४४ जना गरी जम्मा २२५ जनाको संख्या छ ।

## १०.३ मुल समिति

साधारण सभा सदस्यहरु मध्येवाट ४ पदाधिकारीहरुमा १ अध्यक्ष, १ उपाध्यक्ष, १ सचिव र १ कोषाध्यक्ष (महिला) तथा यस प्रणालीलाई मूल समिति सदस्यमा प्रतिनिधित्वको लागि हाल कायम रहेका शाखाहरुलाई ५ क्षेत्र विभाजनका आधारमा प्रत्येक क्षेत्रवाट १ जना महिला र एक जना खुल्लावाट २ जना गरी जम्मा १० जना कार्यकारणी सदस्यहरु चयन भएको हुन्छ र यसको चयन प्रकृयामा सम्वन्धित क्षेत्रका साधारण सभा सदस्यहरुवाट मात्र गरीन्छ । संस्थाका निवर्तमान अध्यक्ष यस मूल समितिका पदेन सदस्य रहको हुन्छ । मूल समितिका सदस्यहरुको क्षेत्र देहाय वमोजिम कायम गरीएको छ ।

| | | | |
|---|---|---|---|
| शाखा नं.- | ०,१,२ र ३ वाट | - | १ जना महिला १ जना खुल्लावाट २ जना सदस्य |
| शाखा नं.- | ४,५,६,७ र ८ वाट | - | १ जना महिला १ जना खुल्लावाट २ जना सदस्य |
| शाखा नं.- | ९,१०,११ र १२ वाट | - | १ जना महिला १ जना खुल्लावाट २ जना सदस्य |
| शाखा नं.- | १३,१४,१५ र १६ वाट | - | १ जना महिला १ जना खुल्लावाट २ जना सदस्य |
| शाखा नं.- | १७,१८,१९,२० र २१ वाट | - | १ जना महिला १ जना खुल्लावाट २ जना सदस्य |

पदाधिकारी ४ जना, कार्यकारिणी सदस्य १० जना र १ जना पदेन सदस्य सहित १५ जनाको एक मूल समिति गठन गरिएको हुन्छ ।

## १०.४ शखा नहर समिति

शाखा सभा सदस्यहरुको भेलाले आफूहरु मध्येवाट पदाधिकारीमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष (महिला) तथा कार्यकारणी सदस्यहरुमा २ महिला र खुल्लावाट ३ जना समेत गरि जम्मा ५ जना सदस्य रहेको ९ जनाको शाखा समिति रहेको छ ।

## १०.५ उपशाखा/प्रशाखा समिति :-

जल उपभोक्ता सदस्यता लिएका उपभोक्ताहरु मध्येवाट उपशाखा/प्रशाखा समितिको पदाधिकारीमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष (महिला) तथा कार्यकारणी सदस्यहरुमा १ जना महिला र खुल्लावाट २ जना गरी ३ जना सदस्यहरु समेत जम्मा ७ सदस्य उपशाखा/प्रशाखा समिति रहेको छ।

## १०.६ आन्तरिक लेखा समिति :-


साधारण सभाले मूल समितिको आर्थिक कारोवारहरुको रेखदेख, अनुगमन तथा आवश्यक सल्लाह सुझाव प्रदान गर्न साधारण सभा सदस्यहरु मध्येवाट आन्तरिक लेखा समिति गठन भएको हुन्छ। लेखा समितिमा १ जना संयोजक र १ महिला र १ जना खुल्लावाट गरि २ जना सदस्यहरु समेत गरी ३ सदस्य आन्तरिक लेखा समिति रहेको छ।

# ११. जल उपभोक्ता संस्था संरचना तथा सदस्य संख्या

## ११.१ ज.उ.स.को आधारभुत तथ्यांक :

| | | |
|---|---|---|
| जल उपभोक्ता समिति गठन | - | २०५०/०८/१६ |
| साधारण सभा | - | १ (२२५ जना) |
| मुल समिति | - | १ (१५ सदस्य) |
| शाखा समिति | - | २२ ओटा (१९८ सदस्य) |
| उपशाखा/प्रशाखा समिति | - | १४५ ओटा (१२६७ सदस्य) |
| लाभान्भीत घरघुरी | - | १७,१३१ |
| लाभान्भीत जनसंख्या | - | ११२,९८३ जना |
| औसत घरघुरी संख्या | - | ७ |
| औसत जग्गा साईज | - | १।३९ |

## ११.२ ज.उ.स. संस्थागत संरचना



## १२.३ शाखा नहर समिति :

| SECONDARY | S-0 | S-1 | S-2 | S-3 | S-4 | S-5 | S-6 | S-7 | S-8 | S-9 | S-10 | S-11 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Member** | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 |

| SECONDARY | S-12 | S-13 | S-14 | S-15 | S-16 | S-17 | S-18 | S-19 | S-20 | S-21 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Member** | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 |

## १२.४ ज.उ.स. समिति सदस्यहरुको सुचि :

***Table-5:*** शाखासभामा उपभोक्ताहरूको सहभागीता

छैठौ निर्वाचन २०७३मा गठित

| शाखा नं. | प्रशाखा/उपशाखा समिति संख्या | महिला | पुरूष | जम्मा | खुल्ला | आदीवासी जनजाती | मधेसी | दलित/पिछडा वर्ग/ अल्प संख्यक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | ७ | ७ | १४ | २१ | १९ | २ | ० | ० | २१ |
| १ | ११ | ११ | २२ | ३३ | २० | १२ | ० | १ | ३३ |
| २ | ११ | १३ | २० | ३३ | २० | १० | १ | २ | ३३ |
| ३ | १० | ११ | १९ | ३० | २५ | ५ | ० | ० | ३० |
| ४ | १६ | १७ | ३१ | ४८ | २६ | १९ | ३ | ० | ४८ |
| ५ | ६ | ७ | ११ | १८ | ११ | ६ | १ | ० | १८ |
| ६ | ५ | ५ | १० | १५ | ६ | ९ | ० | ० | १५ |
| ७ | ५ | ५ | १० | १५ | २ | १२ | १ | ० | १५ |
| ८ | ६ | ७ | ११ | १८ | १४ | ३ | १ | ० | १८ |
| ९ | १० | १३ | १७ | ३० | १६ | १२ | २ | ० | ३० |
| १० | ८ | ९ | १५ | २४ | १४ | १० | ० | ० | २४ |
| ११ | ५ | ५ | १० | १५ | १२ | ३ | ० | ० | १५ |
| १२ | ७ | ९ | १२ | २१ | ७ | १३ | १ | ० | २१ |
| १३ | ११ | ११ | २२ | ३३ | १९ | १३ | ० | १ | ३३ |
| १४ | १२ | १२ | २४ | ३६ | ३० | ३ | ० | ३ | ३६ |
| १५ | ९ | १३ | १४ | २७ | २६ | ० | ० | १ | २७ |
| १६ | ११ | ११ | २२ | ३३ | २९ | २ | १ | १ | ३३ |
| १७ | ८ | ९ | १५ | २४ | २१ | २ | ० | १ | २४ |
| १८ | ५ | ५ | १० | १५ | १४ | ० | ० | १ | १५ |
| १९ | ५ | ७ | ८ | १५ | १३ | १ | ० | १ | १५ |
| २० | ७ | ७ | १४ | २१ | २१ | ० | ० | ० | २१ |
| २१ | ४ | ४ | ८ | १२ | १२ | ० | ० | ० | १२ |
| **जम्मा** | **१७९** | **१९८** | **३३९** | **५३७** | **३७७** | **१३७** | **११** | **१२** | **५३७** |

## १२.५ : ज.उ.सं कन्काई सिंचाइ प्रणालीको बर्तमान मुल समितीको नामावली :

***Table-6: Present Main Committee Members Lsit***

| क.स. | नम | पद | क्षेत्र नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कमल प्रसाद भण्डारी | अध्यक्ष | | ९८१७९१७५८५ |
| २. | नक्कलमान लिम्बू | उपाध्यक्ष | | ९८०४९३२०६३ |
| ३. | | सचिव | | |
| ४. | देवकुमारी ढुंगाना | कोषाध्यक्ष | | ९८०७९३३४०१ |
| ५. | नरप्रसाद भेटवाल | सदस्य | १ | ९८०३७००८२१ |
| ६. | अन्जना सुवेदी खड्का | सदस्य | १ | ९८०७९६४७७७ |
| ७. | गोपाल चन्द्र सिं राजवंशी | सदस्य | २ | ९८४२७६२३०१ |
| ८. | सरस्वती खड्का | सदस्य | २ | ९८०४९०९१४९ |
| ९. | टंक पोखरेल | सदस्य | ३ | ९८०६०६५२४८ |
| १०. | डम्बर कुमारी ढुंगेल (उमा) | सदस्य | ३ | ९८०६०६३७७९ |
| ११. | लय प्रसाद चम्लागाई | सदस्य | ४ | ९८१७०८९४२३ |
| १२. | दिलमाया कार्की | सदस्य | ४ | ९८०५३०६७१३ |
| १३. | बिष्णु लुइँटेल | सदस्य | ५ | ९८०४९३४८२७ |
| १४. | निर्मला खतिवडा | सदस्य | ५ | ९८१०५७६३२६ |
| १५. | सूर्य नारायण सिं तारपुरिया | पदेन सदस्य | | ९८१३००४०७४ |

## १२.६ ज.उ.सं कन्काई सिंचाइ प्रणालीको बर्तमान शाखा अध्यक्षहरुको नामावली

***Table-8: Present Secondary Canal Committee Chair persons Lsit***

| क.स. | शखा नं. | नम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | ० | खड्क प्र. पौडेल | अध्यक्ष | ९८१५९९१८११ |
| २. | १ | झनिन्द्र भट्टराई | अध्यक्ष | ९८०७९५५६२३ |
| ३. | २ | ज्ञान बहादुर योङ्या | अध्यक्ष | ९८०६०९३७११ |
| ४. | ३ | हस्तराज थेबे | अध्यक्ष | ९८१७९१७५८६ |
| ५. | ४ | त्रिलोचन सापकोटा | अध्यक्ष | ९८१४९०५२२४ |
| ६. | ५ | जगत बहादुर ताजपुरीया | अध्यक्ष | ९८०४९४४०७० |
| ७. | ६ | गेन्द्रप्रसाद राजवंशी | अध्यक्ष | ९८१७९६९००२ |
| ८. | ७ | सूर्यनारायण राजवंशी | अध्यक्ष | ९८१५०९०६३२ |
| ९. | ८ | गोपाल ढुंगाना | अध्यक्ष | ९८४३२९६५६७ |
| १०. | ९ | लक्ष्मी प्रसाद प्रसाई | अध्यक्ष | ९८०४९७५३७० |
| ११. | १० | हिरण्य बहादुर कार्की | अध्यक्ष | ९८१५०७४९०३ |
| १२. | ११ | नइन्द्र काफ्ले | अध्यक्ष | ९८०३८५१९७५ |

| | | | | |
|---|---|---|---|---|
| १३. | १२ | देवेन्द्र नारायण राजवंशी | अध्यक्ष | ९८०६०१८२३२ |
| १४. | १३ | इन्द्रबहादुर थापा | अध्यक्ष | ९८१५०२८८२० |
| १५. | १४ | रामबहादुर भण्डारी | अध्यक्ष | ९८४४६०३९५९ |
| १६. | १५ | इन्द्रबहादुर बस्नेत | अध्यक्ष | ९८४२६०२४४७ |
| १७. | १६ | चक्र बहादुर पराजुली | अध्यक्ष | ९८१३५३९६०७ |
| १८. | १७ | खड्क बहादुर कटुवाल | अध्यक्ष | ९८०७९६०१७७ |
| १९. | १८ | बम बहादुर विष्ट | अध्यक्ष | ९८२४०९४६९१ |
| २०. | १९ | ख्याम प्रसाद गौतम | अध्यक्ष | ९८१६९५२७२४ |
| २१. | २० | लोकमणी चापागाई | अध्यक्ष | ९८१४०२७९२४ |
| २२. | २१ | सुरेन्द्र खड्का | अध्यक्ष | ९८१४९००११५ |

**१२.७ : संस्थाको आम्दानीका स्रोतहरु:**

- संचाइ सेवा शुल्क (प्रति वाली प्रति कठ्ठा रु १५।- प्रति विगाह ३००)
- नहर मर्मत शुल्क (आवश्यकता अनुसार)
- सदस्यता शुल्क (नविकरण रु १०।- नयाँ सदस्या रु ५०।-
- सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनावाट प्राप्त विभिन्न यान्त्रिक उपकरणहरु, मेशिन, औजार, विद्युतीय उपकरणहरु, भवन,जग्गा, प्रवेश शुल्क तथा अन्य वस्तुहरुको प्रयोगवाट प्राप्त रकम ।

## १३. आ.व.२०७७/०७८ को बार्षिक लक्ष्य / प्रगति

आ.व.२०७७/०७८ मा यस कार्यालयमा संचालित कार्यक्रमहरुको बार्षिक लक्ष्य तथा प्रगति निम्नानुसार रहेका छन् :

**१३.१ कार्यालयको कार्यकमगत तथा समग्र प्रगति**

| बार्षिक वजेट संशोधन सहितको (चालु + पुँजिगत ) रु.हजारमा | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | विवरण | बार्षिक बजेट | वजेट खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | संघ | २८२१० | २८२०४।५१७ | ९९.९८ | १०० |
| २ | प्रदेश | ८७९०९ | ५२८४५.५८८ | ६०.११ | १०० |
| कुल जम्मा | | ११६११९ | ५२८४५.५८८ | ६९.८ | १०० |
| समष्टिगत प्रगति | | | | ७० | १०० |
| | | | | | |

रकम रु. हजारमा

| सि. नं. | कार्यालय | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|
| | | वार्षिक बजेट | वार्षिक खर्च | वित्तिय प्रगति | भौतिक प्रगति प्रतिशत |
| (क) | **पुँजिगत तर्फ** | **१०३२१०** | **६८२०३** | ६६ | १०० |
| १ | संघ तर्फ | २८२१० | २८२०४।५२ | १०० | १०० |
| २ | प्रदेश तर्फ | ७५००० | ३९९९९ | ५३ | १०० |
| | **पुँजिगत जम्मा** | **१०३२१०** | **६८२०३।४** | ६६ | १०० |
| (ख) | **चालु तर्फ** | **१२९०९** | **१२८४७** | १०० | १०० |
| | | १२९०९।०० | १२८४६।७३ | | |
| | **कुल जम्मा** | **११६११९।००** | **८१०५०।१०** | ७० | १०० |

**वार्षिक कुल बजेटको**

| जम्मा वार्षिक प्रगति प्रतिशत | |
|---|---|
| भौतिक | 100 |
| वित्तिय | 70 |

**संसोधित प्राप्त बजेटको**

| जम्मा वार्षिक प्रगति प्रतिशत | |
|---|---|
| भौतिक | 100 |
| वित्तिय | 100 |

## १३.२ विस्तृत वार्षिक प्रगति

## ब.उ.शि.न. : ३३७०३०१४

| क्र.सं. | कार्य विबरण | इकाई | वार्षिक कार्य लक्ष्य | | | बार्षिक प्रगति | | | आयोजनाको कूलमध्ये हाल सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | सम्पन्न परिमाण | भारित प्रगति |
| अ | **पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | |
| ११।३।२।२ | जीप खरीद(सवारी साधन) | वटा | १०० | ६.६७ | ५००० | | | ४९९९।९९९ | १०० | 100.00 |
| **११।५।१५।२१** | **कन्काइ सिंचाइ प्रणाली, भापा(सिंचाइ प्रणालीको सुधार)** | **प्रति** | | **९३.३** | **७००००** | ५० | **८७.५** | **३४९९८.९** | | १००ं |
| ११।५।१५।२१।१ | क्षतिग्रस्त संरचनाहरुको जिर्णोद्दार, पुन निर्माण तथा बचावट कार्य | प्र.श. | १०० | २०.०० | १५००० | १०० | १८।५५ | ७,४२० | १०० | १०० |
| ११।५।१५।२१।२ | सिंचित क्षेत्र संरक्षण कार्य | प्र.श. | १०० | ८.०० | ६००० | १०० | १२।२४ | ४,८९६ | १०० | १०० |
| ११।५।१५।२१।३ | गेट मर्मत कार्य | वटा | १०० | २.६७ | २००० | १०० | ( | ( | १०० | १०० |
| ११।५।१५।२१।४ | आकस्मिक मर्मत कार्य | प्र.श. | १०० | ६.६७ | ५००० | १०० | ७।३१ | २,९२३ | १०० | १०० |
| ११।५।१५।२१।५ | मूल नहर मर्मत कार्य | मी | १०० | २०.०० | १५००० | १०० | २०।४३ | ८,१७३ | १०० | १०० |
| ११।५।१५।२१।६ | शाखा नहर मर्मत कार्य | कि. मि. | १०० | २०.०० | १५००० | १०० | १४।५४ | ५,८१४ | १०० | १०० |
| ११।५।१५।२१।७ | हयुम पाइप खरिद गर्ने कार्य | प्र.श. | १०० | १.३३ | १००० | १०० | २।४० | ९५९ | १०० | १०० |
| ११।५।१५।२१।८ | नहर / संरचना मर्मत सम्भार कार्य | प्र.श. | १०० | १०.६७ | ८००० | १०० | ७।७६ | ३,१०३ | १०० | १०० |
| ११।५।१५।२१।९ | सर्भिस रोड मर्मत तथा बचावट कार्य (सडकको पुंजिगत मर्मत तथा संभार) | प्र.श. | १०० | ४.०० | ३००० | १०० | ४।२८ | १,७१० | १०० | १०० |
| ११।५।१५।२१।१० | जनशहभागिता | प्र.श. | १०० | | | १०० | ( | ( | १०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | **पूँजीगत खर्च कार्यक्रमको जम्मा:** | | | १०० | ७५०००।० | | ८७।५० | ३९९९८।८५७ | १०० | १०० |
| आ | चालु खर्च कार्यक्रमको जम्मा: | | १०० | १०० | १२९०९. | | १०० | १२८४६।७३ | | |
| ख | **चालु खर्च कार्यक्रमको जम्मा:** | | १०० | १०० | १२९०९।०० | | ९९।५२ | १२८४६।७३ | | |
| | **कुल जम्मा खर्च** | | | २०० | ८७९०९।० | | १००।० | ५२८४५।५९ | | |

ब.उ.शि.न. : ३३७००१२०

| क.सं. | कार्य विवरण | इकाई | वार्षिक कार्य लक्ष्य | | | वार्षिक प्रगति | | | आयोजनाको कूलमध्ये हाल सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | सम्पन्न परिमाण | भारित प्रगति |
| **अ** | संघ तर्फ | | | | | | | | | |
| c_ | **सम्बृद्ध तराई मधेस सिंचाइ विशेष कार्यक्रम** | | | | | | | | | |
| ११।४।१५।९६४ | क्षतीग्रस्त संरचनाहरुको जिर्णोद्वार, पुन निर्माण तथा वचावट कार्य | प्र.श. | १०० | १००. | २८२१० | १०० | १।०० | २८,२०५ | १०० | १०० |
| क | **पूँजीगत खर्च कार्यक्रमको जम्मा:** | | | १००।० | २८२१०।० | | १।० | २८२०४।५ | १०० | १०० |
| आ | चालु खर्च कार्यक्रमको जम्मा: | | | | | | | | | |
| ख | **चालु खर्च कार्यक्रमको जम्मा:** | | | | | | | | | |
| | **कुल जम्मा खर्च** | | | १००।० | २८२१०।० | | १००।०० | २८२०४।५२ | | |

१३.३ यस कार्यालयको आ.व. २०७७/०७८ सम्मको बेरुजु स्थीति :

| | **कुल बेरुजु रु.०००** | **२०७७÷७८ सम्मको फछर्यौट रु.०००** | **बाँकी बेरुजु रु.०००** | **प्रगति %** |
|---|---|---|---|---|
| **जम्मा** | २७८९६७।३० | ० | ० | ० |

## १३.४ भैतिक प्रगति विवरण :

आ.व. २०७७/०७८ यस कार्यालयबाट सम्पन्न भएका मुख्य मुख्य क्रियाकलाप तथा भौतिक प्रगति यस प्रकार रहेको छ ।

- १७४७४ मि. RCC Lining Work सम्पन्न भएको ।

- ६४८४ मि. सर्भिस रोड Strengthening Works सम्पन्न भएको
- ९ वटा Hume pipe Culvert निर्माण सम्पन्न भएको ।
- ६ वटा Inlet & Cross Drainage संरचना निर्माण सम्पन्न भएको ।
- ५ वटा गेट मर्मत सम्पन्न भएको ।
- १०९० मि. नहर बचाबट कार्य (ग्याबियन प्रोटेक्सन) सम्पन्न भएको ।
- मुल नहर मर्मत कार्य समयमै सम्पन्न गरी नहरमा पानी संचालन गरेको सम्पन्न भएको ।
- नयाँ प्रशाखा नहर निर्माण तथा विस्तार कार्य सम्पन्न भएको ।
- शाखा नहर निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।
- नहरमा नियमित रुपमा पानी संचालन गरी सिंचित क्षेत्रमा सिंचाई सुबिधा पुर्याउने काम सम्पन्न भएको ।
- संस्थागत विकाशका कार्यहरु सम्पन्न भएको ।
- सिंचाई व्यवस्थापन समबन्धी कार्यहरू सम्पन्न भएको ।
- पानी मापन तथा क्यालिब्रेसन कार्य सम्पन्न भएको ।
- उत्पादन मापन (क्रप कट सर्भे) सम्पन्न भएको ।
- साउनको पहिलो हप्तामानै १००% धान रोपाई भैसकेको सम्पन्न भएको ।
- (IMT) पछि बाली सघनतामा वृद्धि भइ १५०% वाट १८०% पुगेको छ ।


## १३.५ सिप बिकास तथा जनचेतना तालिम/बिबिध कार्यकमहरु :

यस कार्यालय बाट आ.ब. २०७७/०७८ मा संचालन भएका विभिन्न सिप विकास क्रियाकलाप, तालिम तथा अन्य कार्यक्रमहरु यस प्रकार रहेको छ :

| सि.न. | क्रियाकलाप | मिति | जम्मा क्रियाकलाप संख्या | जम्मा सहभागी संख्या |
|---|---|---|---|---|
| १. | विधान व्यवस्थापन तालिम | विभिन्न | १८ | ४१४ |

### १३.६ बर्खे बालीको बाली कटानी सर्वेक्षण (धान ):-


कन्काई सिंचाई प्रणालीको प्रभाव क्षेत्रभित्रको उत्पादनको अवलोकन गर्न यस कार्यालयबाट २०७७ कार्तिक महिना देखि २०७७ मसिंर सम्म धान बाली कटानी सर्वेक्षण गरियो । धानको लागी कुल ७६ वटा किसानको खेतको उत्पादनको नमुना संकलन गरियो । यस सर्वेक्षणको प्रभावक्षेत्रको आधारमा निम्न बमोजिमको नतिजा आयो :-




चार्ट १: बर्खे धान बाली उत्पादन

### १३.७ चैते धान बालीको बाली कटानी सर्वेक्षण :-


कन्काई सिंचाई प्रणालीको प्रभाव क्षेत्रभित्रको उत्पादनको अवलोकन गर्न यस कार्यालयबाट २०७८ असार महिनामा धान बाली कटानी सर्वेक्षण गरियो । धानको लागी कुल ३० वटा किसानको खेतको उत्पादनको नमुना संकलन गरियो । यस सर्वेक्षणको प्रभावक्षेत्रको आधारमा निम्न बमोजिमको नतिजा आयो :-




चार्ट २: चैते धान बाली उत्पादन

१३.८ सिंचाइ सेवा शुल्क संकलन :

यस कन्काई सिंचाइ प्रणाली अन्तरगत ज.उ.स. द्वारा यस प्रणालीमा आवद्ध सदस्य कृषकहरुबाट सिंचाइ सेवा शुल्क बापत प्रति विगहा रु. ३०० का दरले प्रत्येक बालीको शुल्क संकलन गर्ने गरिन्छ । यस आ.व. २०७७/०७८ मा ज.उ.स. द्वारा संकलन गरीएको सिंचाइ सेवा शुल्क निम्न बमोजिम रहेको छ :




चार्ट ३: सिंचाइ सेवा शुल्क संकलन

१४. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरु :

| समस्याहरु | समस्या समाधानमा गरीएका प्रयासहरु |
|---|---|
| नहरको हेडवर्कस जिर्ण भएको | डि पि आर तयार भइ स्वीकृतीको लागी पठाईएको। |
| नहरको आफ्नो सर्भिस रोडहरुमा प्रदेश तथा स्थानीय निकायले समन्वय नै नगरी डि.पि.आर. तयार गरी नहरलाई क्षती हुने किसिमले निर्माण कार्य संचालनमा रहेको । | नहरहरुलाई वचाउन स्थानीय तथा प्रदेश कार्यालयहरुलाई पत्राचार गरिएको । |
| स्थानिय । प्रदेश तहका विकास कार्यले गर्दा नहरमा क्षति भएको | विकास निर्माणको कार्य गर्दा यस कार्याकलयको स्वीकृती तथा समन्वयको लागी बारम्बार पत्राचार गरिएको । |
| Rain Water Drainage को समस्या | संरचनाहरु निर्माणको लागी अध्ययन गरिएको । |
| शाखा न. १६ देखि २१ सम्म थप केही प्रशाखाहरु निर्माण गर्नु पर्ने | विस्तृत अध्ययन प्रतिवेदन (डि पि. आर.) तयार  गरिएको । |

| | |
|---|---|
| **जग्गाको लगत कट्टा गर्नु पर्ने** | **अमिनको सहयोग लिई काम भईरहेको ।** |
| **नरहको स्वामीत्वमा रहेको जग्गाको अतिक्रमन** | **सुचना टास तथा प्रशासन लाई जानकारी।** |
| **कार्यालय तथा फिल्ड कार्यालय भवनहरु जिर्ण अवस्थामा रहेको ।** | **ल.ई. तयार पारी बजेट मागको लागी तयार गरिएको ।** |
| **नहर संरचनाको प्रयाप्त मर्मत संभार तथा संचालन** | **प्रयाप्त बजेटको लागी पहल भईरहेको ।** |

## १५. निष्कर्ष

देशका ६५.६ प्रतिशत जनताको जिविकोपार्जन एवं जीवनोस्तर कृषि व्यवसायमा आधारित रहेको र राष्ट्रको आर्थिक विकास भन्नु नै कृषि व्यवसायको विकास हो, भन्ने कुरामा दुई मत छैन । त्यसैले कृषि उत्पादनमा प्रमुख एवं प्रत्यक्ष भूमिका रहेको सिंचाइ सेवाको विस्तार एवं विकास तथा व्यबस्थापन कृषकहरुकै सहभागितामा संचालन गरी कृषि उत्पादनमा प्रभावकारी एवं एकिकृत रुपमा समष्टिगत विकास गर्न हामी सवैको सक्रियता, लगनशीलता एवं प्रतिवद्धताको आवश्यकता छ। बर्षैभरी सिचाइ सेवा प्रदान गर्न सकिने कन्काई सिंचाइ प्रणालीमा सघन खेती प्रणाली अपनाउने खालका कार्यक्रम लागू गर्न सके खाद्य सुरक्षामा थप टेवा पुर्याउन सकिन्छ।

# आ.ब. २०७७/०७८ मा संचालित क्रियाकलापहरुको फोटोहरु



फोटो : रिच ४ र रिच ५ मा गरिएको मुल नहर लाईनिंग कार्य




फोटो : विभिन्न उपशाखा तथा शाखा नहर लाईनिंग कार्य






**नहर तथा कमाण्ड क्षेत्र बचाबट कार्य**












फोटो : नहर तथा कमाण्ड क्षेत्र बचाबच कार्य









फोटो : मुल तथा शाखा नहर सर्भिसरोड ग्रेभलिंग कार्य



फोटो : नहर संचालनका केहि फोटोहरु




फोटो : कन्काई कमाण्ड क्षेत्रमा लगाईएका चैते धान बालि



फोटो : क्षमता अभिविद्धी सम्बन्धी कार्यक्रमका फोटोहरु



फोटो : कन्काई कमाण्ड क्षेत्रमा लगाईएका केहि बालिहरुरु